# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८२/८३
च.नं.: ५९६

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (ब.सु.पू)
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति : २०८२/०९/०७

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

तपसिल :

मिति : २०८२/०९/०९ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : दिनको १२:३० बजे

..................................
(जीवलाल भुसाल)
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## मिति २०८२/०९/०९ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. पूर्व निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा । - २०८२/०९/०९

२. आगामी विधायन अधिवेशनको मिति तय गर्ने सम्बन्धमा ।

३. विविध विषयका सम्बन्धमा ।

नि. प्रमुख प्रशासकिय अधिकृत

CamScanner

आज मिति २०८२/०९/०९ गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष **श्री प्रकाश ओझा** ज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष. वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री राकेश कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत |
| अन्य उपस्थिति | | | |
| | | श्री कर्ण बहादुर रिसिमी मगर | वडा सदस्य (६ नं. वडा) |
| | | श्री बुद्धि प्रसाद सुवेदी | लेखा अधिकृत |
| | | श्री मिलन श्रेष्ठ | सूचना प्रविधि अधिकृत |
| | | श्री मनोज कोइराला | बौदीकाली गाउँपालिका अध्यक्षको सचिवालय |

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०९/०९ गतेको आ.व. २०८२/०८३ को सातौं बैठकका निर्णयहरु :

**निर्णय नं.१ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा पूर्व बैठकको निर्णय कार्यान्वयनको सन्दर्भमा बैठकमा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को हिउँदे (विधायन) अधिवेशन संचालनको लागि २०८२ साल पौष २४ गतेको मिति तय गर्ने निर्णय गरियो । सोहि सन्दर्भमा गाउँ सभा सदस्यहरुलाई मिति २०८२ साल पौष १७ गते गाउँ सभाको कार्यसूची सहित पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- वौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सार्वजनिक सुनुवाई कार्यक्रम २०८२ साल पौष १८ गते संचालन गर्ने निर्णय गरियो। यस गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को हालसम्मका गाउँपालिका र अन्तर्गतका कार्यालयवाट सम्पादित वार्षिक कार्यक्रम, विकास आयोजना तथा कार्यक्रमहरुको प्रभावकारिता र सेवा प्रवाहको अवस्थाका सम्बन्धमा सम्पूर्ण सेवाग्राहीहरु, राजनैतिक दलहरु, संचारकर्मीहरु, नागरिक समाज, गैर सरकारी संस्थाहरु, बुद्धिजीवीहरु एवं सरोकारवाला महानुभावहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्वन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।
- मिति २०८२/०६/३१ गतेको गाउँकार्यपालिका बैठकको निर्णय अनुसार कर्मचारी आवास मितव्ययी गर्न रकुवा प्राथमिक स्वास्थ्य केन्द्रको पुरानो भवनलाई प्राविधिक लागत इस्टिमेट वमोजिम मर्मत सम्भार गरी आवासको व्यवस्था मिलाउने र मर्मत सम्भार पश्चात **"निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च"** शिर्षकवाट सम्बन्धित फर्मलाई नियमानुसार भुक्तानी दिने निर्णय गरिएकोमा विशेष कारणवश सो कार्य अधुरो रहेकोले प्राथमिकतामा राखी यथाशिघ्र कार्य थालनी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।
- वौदीकाली गाउँपालिका वडा नं. ४, मौलाथरमा संचालनमा रहेको श्री सर्वप्रिय आधारभूत विद्यालयमा श्री नगरडाँडा माध्यमिक विद्यालय, व्याघनलाई मातृ विद्यालय मानी शैक्षिक सत्र २०८१ देखि कक्षा ९ र शैक्षिक सत्र २०८२ मा कक्षा १० मा पठनपाठन भैरहेको हुँदा

CamScanner

गाउँपालिकाले संचालन गर्ने SEE तयारी कक्षा संचालन कार्यक्रममा सो विद्यालयलाई समेत सहभागी गराउने निर्णय गरियो ।

- आ.व. २०८२/०८३ को शिक्षा, युवा तथा खेलकुद विकास कार्यक्रम तर्फको विद्यालय संचालन तथा व्यवस्थापन अनुदान थप शिर्षकको रकमबाट सामुदायिक विद्यालयलाई तपसिल अनुसार अनुदान उपलब्ध गराउने निर्णय गरियो ।
  माध्यमिक तह कक्षा (१-१२) : ३००००
  माध्यमिक तह कक्षा (१-१२) : २५०००
  आधारभूत तह कक्षा (१-८) : २००००
  आधारभूत तह कक्षा (१-३)/कक्षा (१-५) : १५०००
- बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम **"ज्येष्ठ नागरिक सम्बन्धी कार्यक्रम"** संचालन गर्न राय सुझावको लागि वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखराबाट खटिई यस कार्यालयमा आउनुभएका न्यायिक सहजकर्ता विकास खनालले राजिनामा दिएको हुँदा यसै कार्यालयमा कार्यरत प्रशासकीय अधिकृत श्री राधिका रिजाललाई प्रशासन शाखाको अतिरिक्त, न्यायिक समितिको सचिवालय समेत हेर्ने गरी थप कार्य जिम्मेवारीको पत्र दिने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम **"दलित लक्षित कार्यक्रम"** संचालन गर्न राय सुझावको लागि वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत **"महिलाहरु तथा आमा समूहलाई सीपमूलक तालिम संचालन"** शिर्षकबाट बौदीकाली-६, नरममा महिला तथा आमा समूहका सदस्यहरुलाई आत्मनिर्भर र स्वरोजगारमुखी बनाउन जुत्ता चप्पल निर्माण सम्बन्धी कम्तिमा पनि २५ दिने सिप विकास तालिम संचालन गर्ने निर्णय गरियो ।
- **"व्यवसायमा ब्याज अनुदान कार्यक्रम"** संचालनको लागि आवश्यक कार्यविधि तयार गरी उत्पादनमुखी तथा सेवा क्षेत्रमा उद्यम सुरु/विस्तार गर्न, उद्यमशीलता र रोजगारी सिर्जना गर्न इच्छुक व्यवसायीलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने निर्णय गरियो ।
- बौदीकाली-५, बबक निवासी प्रकाश लुंगेलीको प्राप्त निवेदन अनुसार निज व्यक्ति कावासोती-८ स्थित लुम्बिनी आदर्श डिग्री कलेजमा स्नातक तह शिक्षा संकायको प्रथम वर्षमा अध्ययनरत रहेको र निज व्यक्ति दृष्टिविहिन रहेको साथै घरको आर्थिक अवस्था अत्यन्तै कमजोर रहेको हुँदा अध्ययनको लागि स्क्रिन रिडीङ्ग ल्यापटप माग भई आएकोले **"अपांगता भएका**

**व्यक्तिहरुलाई लक्षित सहयोग कार्यक्रम"** शिर्षकबाट १ थान स्किन रिडीङ्ग ल्यापटप खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

- मिति २०८२ साल मङ्सिर ३ गते बौदीकाली गाउँपालिका वडा नं. ४, रुचाङ्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने क्रममा सामाजिक सुरक्षा भत्ता बुझ्न आएका सामाजिक सुरक्षा लाभग्राही खेम बहादुर राना मगरको वडा कार्यालय परिसरमा मृत्यु भएको हुँदा पोष्टमार्टम गर्न लागेको खर्च निज मृतक व्यक्तिको छोरा वेक बहादुर थापा मगरलाई **"राहत, उद्धार, आर्थिक सहायता र पुनःस्थापना खर्च"** शिर्षकबाट आवश्यक कागजात प्राप्त पश्चात उपलब्ध गराउने निर्णय गरियो।
- बौदीकाली गाउँपालिकाको माथिल्लो भेग (बौदीकाली-४, रुचाङ्ग/बौदीकाली-५, बबक/बौदीकाली-६, नरम) सबैलाई सहज हुने गरी बौदीकाली-६, नरम वडा कार्यालयमा कर्मचारी खटनपटन गरी मिति २०८२ पौष महिनाभित्र पशु सेवा केन्द्र संचालनमा ल्याउने निर्णय गरियो ।
- यस गाउँपालिकाको प्रशासकीय भवन र बौदीकाली आधारभूत अस्पतालमा विद्युत खपत उच्च रहँदै आएको र विद्युत खर्च न्यूनीकरण तथा उर्जा व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन नेपाल विद्युत प्राधिकरणबाट उपलब्ध हुने TOD Meter यथाशिघ्र जडान गर्न उपयुक्त देखिएको हुँदा आवश्यक प्राविधिक प्रक्रिया, कागजात तथा समन्वय गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।
- स्थानीय सरकारको गरिमा, उपलब्धि र जनसहभागिता अभिवृद्धि गर्ने उद्देश्यले गाउँपालिका स्थापना दिवस (फाल्गुन २७ गते) मर्यादित, सादगीपूर्ण र आर्थिक मितव्ययिताको सिद्धान्त अनुरुप विभिन्न कार्यक्रमहरु संचालन गरी मनाउने निर्णय गरियो । साथै के कस्ता कार्यक्रम संचालन गर्ने विषयमा थप छलफल गर्ने निर्णय गरियो । कार्यक्रम संचालनको लागि तपसिल बमोजिम समिति गठन गर्ने समेत निर्णय गरियो ।

<u>तपसिल :</u>

गाउँपालिका उपाध्यक्ष श्री डिल कुमारी के.सी. सारु मगर — संयोजक

गाउँपालिका अध्यक्ष श्री प्रकाश ओझा — सल्लाहकार

सबै वडा अध्यक्ष — सदस्य

प्र.प्र.अ. — सदस्य सचिव

- बौदीकाली गाउँपालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक, धार्मिक, ऐतिहासिक, पुरातात्विक एवं भौतिक विशिष्टता झल्किने पालिका गान रचना गरी पेश गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०९/०९ गतेको आ.व. २०८२/०८३ को सातौं बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिकाको मिति २०८१/१०/१४ गते र २०८२/०४/२८ गते प्रकाशित गाउँपालिकाको लोगो निर्माण गर्ने सम्बन्धी सूचना अनुसार रितपूर्वक आएका प्रस्तावहरु स्वीकृत गर्ने निर्णय गरियो । सो सम्बन्धमा बौदीकाली गाउँपालिकाको ऐतिहासिक, प्राकृतिक, सामाजिक र सांस्कृतिक विशेषता एवं विशिष्ट पहिचान झल्किने लोगो निर्माण सन्तोषजनक नभएकोले सूचना पुनः प्रकाशन (तेस्रो पटक) गर्ने निर्णय गरियो ।
- युवाहरुमा खेलकुद प्रतिभाको विकास, स्वास्थ्य प्रबर्द्धन तथा आपसी सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार "अध्यक्ष कप खेलकुद प्रतियोगिता" मिति २०८२ साल माघ १६ र १७ गते संचालन गर्ने निर्णय गरियो । खेलका विधाहरु छनौट गर्न राय सुझावको लागि वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो । साथै प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी तथा टिमलाई पुरस्कार, प्रमाणपत्र तथा सम्मान प्रदान गर्ने समेत निर्णय गरियो । निजामती कर्मचारी र शिक्षक बीच २० ओभरको मैत्रीपूर्ण क्रिकेट खेल पनि संचालन गर्ने निर्णय गरियो ।.
- वडा कार्यालयहरुबाट हुने दैनिक प्रशासनिक तथा सेवा प्रवाह सम्बन्धी कार्यहरु नियमित, प्रभावकारी र व्यवस्थित रुपमा संचालन गर्न वडा कार्यालयहरुमा आवश्यक सामाग्री मागको लागि वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार "गाउँ सभा तथा कार्यपालिका हल व्यवस्थापन" का लागि आवश्यक फर्निचर (टेबल र कुर्ची) व्यवस्थापन गर्न खरिद प्रक्रिया यथाशिघ्र अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।
- स्थानीय तहप्रति नागरिकको विश्वास अभिवृद्धि भई सुशासन प्रबर्द्धन गर्न स्थानीय तहबाट प्रदान गरिने विभिन्न सरकारी सेवा तथा कार्यक्रमहरु नागरिकको घरदैलोमा पुर्याउने उद्देश्यका साथ बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम "एकीकृत घुम्ती शिविर कार्यक्रम खर्च" २०८२ साल फाल्गुन महिनामा संचालन गर्ने निर्णय गरियो । वडास्तरमा संचालन गरिने यस शिविर मार्फत स्वास्थ्य सेवा, कृषि तथा पशुपालन परामर्श, व्यवसाय दर्ता/नवीकरण अनुगमन गर्ने र अनिवार्य गर्ने लगायत अन्य सेवा उपलब्ध गराउने निर्णय गरियो ।
- यस पालिकाभित्र फोहोरमैला उत्पादनमा वृद्धि भई वातावरणीय प्रदुषण, जनस्वास्थ्यमा असर तथा सौन्दर्यमा हास आउन सक्ने अवस्था देखिएको हुँदा फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित, दिगो र वातावरणमैत्री बनाउन नियमित फोहोर संकलन, ढुवानी तथा व्यवस्थापनका लागि

CamScanner

आवश्यक जनशक्ति, संवारी साधन तथा उपकरणको व्यवस्था गर्न आवश्यक देखिएकोले पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखालाई जानकारी गराउने निर्णय गरियो ।

- वडा कार्यालयहरुबाट हुने दैनिक प्रशासनिक तथा सेवा प्रवाह सम्बन्धी कार्यहरु नियमित, प्रभावकारी र व्यवस्थित रुपमा संचालन गर्न वडा कार्यालयहरुमा आवश्यक ब्याट्री ब्याप अप व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गर्न विधायन (हिउँदे) अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम **"पालिका सुरक्षा आवास (खरको छानो विस्थापन)"** का लागि सवै वडाबाट विवरण मागको लागि पत्राचार गर्ने निर्णय गरियो ।
- बौदीकाली १ र २ हुँदै बग्ने बौदीखोलाले दोभान क्षेत्रको खेतीयोग्य जमिन/खेत कटान गरी खेत र बस्ती समेत उच्च जोखिम अवस्थामा रहेकोले विपद व्यवस्थापन कार्यद्वारा आपतकालीन संरक्षण गर्न र सो क्षेत्रमा थुप्रेर बसेको नदिजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापनका लागि जिल्ला विपद समिति समक्ष पत्राचार गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ को आयठेक्का (BRM/NCB/GOODS-03/2082/083, Collection of River Bed Materials for Kharsanghat Kshetra of Kaligandaki River र BRM/NCB/GOODS-04/2082/083, Collection of River Bed Materials for Maitighat Kshetra of Kaligandaki River) गाउँपालिका उपाध्यक्ष श्री डिल कुमारी के.सी. सारु मगरज्यूको नेतृत्वमा अनुगमन गर्ने निर्णय गरियो ।
- राइट फर चिल्ड्रेन, पोखरा-७ कास्कीको च.नं. २७ मिति २०८२/०९/०९ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । राइट फर चिल्ड्रेनले यस बौदीकाली गाउँपालिकाको समन्वय तथा सहकार्यमा शिक्षाको गुणस्तर सुधार कार्यक्रमहरु सिकाई परियोजना मार्फत आ.व. २०८० देखि २०८२ सम्म डेढगाउँ मा.वि., धर्मान्मा मा.वि., बालकल्याण आ.वि., शारदा मा.वि. र सर्वप्रिय आ.वि. मा कार्यक्रम संचालन गर्दै आएको व्यहोरा जानकारी भयो । यस आ.व. मा पनि उक्त संस्थाले कार्यक्रम संचालन गर्नका लागि थप ३ वटा विद्यालयहरु छनौट गरी सिफारिस गर्ने माग भएकोले तपसिलका विद्यालयहरु छनौट गर्ने भनी निर्णय गरियो ।

<u>तपसिल :</u>

- बेलभञ्ज्याङ्ग मा.वि, बौदीकाली-३
- नगरडाँडा मा.वि., बौदीकाली-६
- उदय मा.वि., बौदीकाली-५